नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
# परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०
सानोठिमी, भक्तपुर

पत्र सङ्ख्या : २०८०/८१
च.नं. ३३

मितिः २०८०/०४/२५

विषयः परिपत्र सम्बन्धमा।

श्री ७ ओटै शिक्षा विकास निर्देशनालयहरु।

उपरोक्त सम्बन्धमा माध्यमिक शिक्षा उत्तीर्ण (एसएलसी) परीक्षा / माध्यमिक शिक्षा परीक्षा (एसइइ) का अभिलेख सच्याउने सम्बन्धी कार्यका लागि उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७, माध्यमिक शिक्षा उत्तीर्ण (एसएलसी) परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०६८ (चौथो संशोधन सहित) तथा मिति २०७५/६/२२ मा राष्ट्रिय परीक्षा बोर्डले ७ ओटै शिक्षा विकास निर्देशनालयहरुलाई गरेको अधिकार प्रत्यायोजन अनुसार तहाँबाट अभिलेख (नाम, थर र जन्ममिति) सच्याउने र प्रमाणपत्र वितरण गर्ने कार्य हुँदै आइरहेको व्यहोरा अवगत नै छ ।यसै सन्दर्भमा "विद्यार्थीहरुको मूल अभिलेख परीक्षा नियन्त्रण कार्यालय कक्षा १० सानोठिमी, भक्तपुरमा रहने र शिक्षा विकास निर्देशनालयले विद्यार्थीबाट प्राप्त निवेदन र प्रमाणको आधारमा आफूसँग रहेको अभिलेख संशोधन गरी प्रमाणपत्र उपलब्ध गराउने भएपनि विविध कारणले परीक्षा नियन्त्रण कार्यालय कक्षा १० मा रहेको मूल अभिलेख संशोधन हुन नपाई विद्यार्थीले स्थायी प्रमाणपत्र प्राप्त गर्न समस्या भएको तथ्य समेतलाई आधार मानी सेवाग्राहीलाई सरल, सहज, प्रभावकारी र विश्वसनीय सेवा प्रदान गर्नका लागि छुट्टै इमेल ठेगाना तयार गरी निर्देशिका बमोजिम संशोधनका लागि प्राप्त भएका निवेदन र प्रमाण कागजातहरु स्क्यान गरी परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को इमेल ठेगानामा पठाउने र परीक्षा नियन्त्रण कार्यालयमा रहेको मूल अभिलेख संशोधन भए पश्चात् सो को जानकारी सम्बन्धित शिक्षा विकास निर्देशनालयहरुमा पठाउने व्यवस्था गर्ने साथै सोही आधारमा शिक्षा विकास निर्देशनालयहरुले आफ्नो कार्यालयमा रहेको विवरण सहितको लेजर सच्याउने निर्णय गरी प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था गर्नु/गराउनु" भनी राष्ट्रिय परीक्षा बोर्डको मिति २०८०/०४/२२ मा (अध्यक्षस्तरीय) निर्णय भएकोले संशोधनका लागि तहाँ प्राप्त भएका निवेदन र प्रमाण कागजातहरु स्क्यान गरी यस कार्यालयको इमेल ठेगाना seegrade10.room4@gmail.com मा पठाउने व्यवस्था हुन यो परिपत्र गरिएको छ ।साथै नतिजा प्रकाशन भएको मितिले छ महिनाभित्र तहाँ निर्देशनालयबाट नाम, थर र जन्ममिति संशोधन सम्बन्धी हुने गरेका निर्णय सहित निवेदकका सम्पूर्ण प्रमाण कागजातहरु यथासिघ्र यस कार्यालयको उल्लिखित इमेल ठेगानामा पठाउनु हुन समेत अनुरोध छ ।

०/८

..............................
विष्णु नारायण श्रेष्ठ
का.मु. नियन्त्रक